बैठक नं.२

आज मिति २०७९/०३/०६ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान २:३० बजे ।

स्थान : नगर कार्यपालिकाको वैठक कक्ष ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |
| १५ | नारायण प्रसाद पुन | सदस्य | [signature] |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | [signature] |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | — |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | [signature] |
| २४ | बसन्ती वि.क. | सदस्य | [signature] |
| २५ | रिना भुसाल | सदस्य | [signature] |
| २६ | सुनिता खड्लुक | सदस्य | [signature] |
| २७ | राधादेवी पौडेल | सदस्य | [signature] |
| २८ | यम बहादुर सुनार | सदस्य | [signature] |
| २९ | हेमा थामी | सदस्य | [signature] |
| ३० | वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

प्रस्ताव नं.२.१
विषयगत समितिहरुलाई पूर्णता दिने सम्बन्धमा ।
निर्णय नं.२.१
मिति २०७९।२।२५ मा बसेको नगरकार्यपालिकाको प्रथम बैठकको निर्णय नं.१.४ बाट गठित देहायका विषयगत समितिहरुमा देहाय बमोजिमका कार्यपालिकाका सदस्यहरुलाई थप गरी समितिहरुलाई पूर्णता दिने निर्णय गरियो ।
क.
१.सार्वजनिक सेवा तथा क्षमता विकास समिति :
श्री पदमराज गाहा - संयोजक
श्री सुनिता खडलुक - सदस्य
श्री विष्णु ढकाल - सदस्य
श्री राधादेवी पौडेल - सदस्य
श्री चन्द्र सिं थापा - सदस्य
श्री प्रशासन महाशाखा प्रमुख -सदस्य सचिव
२. आर्थिक विकास समिति :
श्री डिल्ली प्रसाद शर्मा उपाध्याय -संयोजक
श्री विष्णु ढकाल - सदस्य
श्री ज्ञान बहादुर रेश्मी - सदस्य
श्री नरिश्वर पौडेल - सदस्य
श्री गुरु प्रसाद पंगेनी - सदस्य
श्री आर्थिक विकास महाशाखा प्रमुख -सदस्य सचिव
३. सामाजिक विकास समिति :
श्री प्रदिप कुमार श्रेष्ठ -संयोजक
श्री वसन्ती वि.क. - सदस्य
श्री निलम गौतम - सदस्य
श्री कृष्ण पौडेल - सदस्य
श्री वल बहादुर पुन मगर - सदस्य
श्री शिक्षा तथा जनस्वास्थ्य महाशाखा प्रमुख -सदस्य सचिव

४. पूर्वाधार विकास समिति :

| | |
|---|---|
| श्री नारायण प्रसाद पुन | -संयोजक |
| श्री यज्ञ प्रसाद पंगेनी | - सदस्य |
| श्री विष्णु ढकाल | - सदस्य |
| श्री सुनिल शाक्य | - सदस्य |
| श्री दधिराम न्यौपाने | - सदस्य |
| श्री शहरी पूर्वाधार विकास महाशाखा प्रमुख | -सदस्य सचिव |

५. वातावरण तथा विपद् व्यवस्थापन समिति :

| | |
|---|---|
| श्री रामचन्द्र क्षेत्री | -संयोजक |
| श्री निलम गौतम | - सदस्य |
| श्री वसन्ती वि.क. | - सदस्य |
| श्री रिना भुषाल | - सदस्य |
| श्री यम बहादुर सुनार | - सदस्य |
| श्री योगेश चापागाई | -सदस्य सचिव |

६. विधेयक समिति :

| | |
|---|---|
| श्री नरेन्द्र बस्नेत | -संयोजक |
| श्री कृष्ण बहादुर सुनार | - सदस्य |
| श्री राधा पौडेल | - सदस्य |
| श्री रिना भुषाल | - सदस्य |
| श्री हेमा थामी | - सदस्य |
| श्री सामान्य प्रशासन महाशाखा प्रमुख | -सदस्य सचिव |

उल्लेखित समितिहरुको बैठक ६ महिनामा कम्तीमा ३ पटक बस्नुपर्ने छ । अन्यथा उक्त समिति पुर्नगठन हुनेछ ।

ख.जाचपास तथा फरफारक समितिमा देहाय बमोजिम हुने गरी पूर्णता दिने निर्णय गरियो ।

| | |
|---|---|
| श्री हरि प्रसाद श्रेष्ठ | -संयोजक |
| श्री वसन्ती वि.क. | - सदस्य |
| श्री निलम गौतम | - सदस्य |
| श्री लोकनाथ न्यौपाने | - सदस्य |
| श्री शिव राना | - सदस्य |
| श्री शाखाप्रमुख योजना प्रशासन | -सदस्य सचिव |

प्रस्ताव नं.२.२

मुद्दा मामिलाको पूर्पक्षका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा ।

निर्णय नं.२.२

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिका र मातहतका वडा कार्यालय समेत पक्ष वा विपक्ष भई विभिन्न अड्डा अदालतहरुमा परेका र भविष्यमा पर्ने मुद्दा मामिलाहरुको पुर्पक्ष गर्न बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत कार्यरत रहेको अवस्थामा निजले र निजको अनुपस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृतले मुद्दा मामिलाको पूर्पक्ष गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२.३

प्रवक्ता तोक्ने सम्बन्धमा ।

निर्णय नं.२.३

कार्यपालिकाले आफुले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने र कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य, विज्ञप्ति आदि सार्वजनिक गर्ने समेतका कार्यहरु गर्ने प्रयोजनका लागि नगरकार्यपालिकाको कार्य सम्पादन नियमावली, २०७४ को नियम १७(१) मा भएको व्यवस्था बमोजिम यसै कार्यपालिकाका सदस्य श्री शिव राना, वडाध्यक्ष, वडा नं.१५ लाई बुटवल उपमहानगरपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं.२.४ विविध ।

प्रस्ताव नं.२.४.१

योजना सम्बन्धमा ।

निर्णय नं.२.४.१

चालु आ.व. ०७८/०७९ मा सम्पन्न गर्ने गरी विभिन्न उपभोक्ता समितिसँग सम्झौता भई संचालन एवं कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रम मिति २०७९।३।१५ गते भित्र सम्पन्न गरी भुक्तानीका लागि आउने वारेमा सार्वजनिक सूचना समेत गरि सकिएको छ । चालु बर्षको योजना तथा कार्यक्रमहरु समयमा नै सम्पन्न नगरी आगामी आ.व. का लागि दायित्व सार्ने प्रवृत्तिलाई निरुत्साहित गरी समयमै कार्यक्रम सम्पन्न गर्न प्रोत्साहित गर्ने उद्देश्यले चालु आ.व. मा सम्पन्न गर्ने गरी सम्झौता गरिएका सबै किसिमका उपभोक्ता समिति (विपद् वाहेक) हरुको मिति २०७९।३।१४ गते सम्मको कामको मूल्यांकन गरी भुक्तानी माग गर्नुपर्ने र सम्झौता अवधि पछि सम्पन्न नभई बाँकी रहेका त्यस्ता आयोजनाहरुलाई आगामी आ.व.मा दायित्व नसार्ने र उल्लेखित प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई क्रमागत योजना कार्यक्रममा समावेश नगर्ने निर्णय गरियो । साथै आवश्यकता महशुस भएमा सम्बन्धित वडाले वडास्तरिय बजेटबाट आगामी कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।